# प्रेस नोट

## (१) नगरपालिकाको परिचय :

– संघीय स्थानीय सरकार स्थापना हुनुभन्दा पहिले तत्कालिन खलंगा, जगतिपुर, पुन्मा र भुर गरी जम्मा ४(चार) गाविसहरु मिलाएर भेरी मालिका नगरपालिकाको नाममा मिति २०७२ असोज १ देखि यो नगरपालिका विधिवत रुपमा स्थापना भएको । र, मिति २०७२ असोज २२ देखि नगरपालिकाको कार्य सुचारु भएको ।

– संघियता स्थापना पछि वि.सं. २०७४ साल देखि यस नगरपालिकाको नाम भेरी नगरपालिका मात्र कायम भएको । र, हाल यस नगरपालिकामा १३ वटा वडाहरु रहेका छन् ।

## (२) भेरी राजपत्रमा प्रकाशित कानुनहरु ( ऐन, नियमावली र कार्यविधिहरु)

संविधान २०७२, स्थानीय साशन संचालन ऐन,२०७४ र भेरी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को अधिनमा रहि निर्धारित विधि मार्फत पारित गरी भेरी नगरपालिकाले भेरी राजपत्र प्रकाशनमा ल्याएको छ । यसरी प्रकाशनमा ल्याएका कानुनहरु निम्नानुसार छन् । जुन कानुनहरु राजपत्रमा प्रकाशन भएको मिति देखि नै लागु गरेको विषयपनि जानकारी गराउदछु ।

### तपशिल

| क्र.सं | ऐनको नाम | स्वीकृत मिति | ऐन संख्या | कै. |
|---|---|---|---|---|
| १ | भेरी नगरपालिकाको आर्थिक ऐन, २०७४ | २०७४/३/२९ | १ | रा.प. मा नआएको |
| २ | भेरी नगरपालिकाको विनियोजन ऐन, २०७४ | २०७४/३/२९ | २ | रा.प.मा नआएको |
| ३ | भेरी नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ | २०७४/११/०७ | ३ | |
| ४ | भेरी नगरपालिकाको कृषि व्यवसाय ऐन, २०७४ | २०७४/११/०७ | ४ | |
| ५ | भेरी नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ | २०७४/११/०७ | ५ | |
| ६ | भेरी नगरपालिकाको सहकारी ऐन, २०७४ | २०७४/११/०७ | ६ | |
| ७ | भेरी नगरपालिकाको न्यायिक समिति ( कार्यविधि सम्वन्धी ) ऐन, २०७४ | २०७४/११/०७ | ७ | |
| ८ | भेरी नगरपालिकाको स्थानीय तहको प्रशासकिय कार्यविधी (नियमित गर्ने ) ऐन, २०७४ | २०७४/११/०७ | ८ | |

### नियमावलीहरु

| क्र.सं | निमावलीको नाम | स्वीकृत मिति | नियमावली संख्या | कै. |
|---|---|---|---|---|
| १ | **भेरी नगरपालिकाको कार्य विभाजन नियमावली,२०७४** | २०७४/३/२९ | १ | |
| २ | **भेरी नगरपालिकाको कार्य सम्पादन नियमावली, २०७४** | २०७४/३/२९ | २ | |

निर्देशिका तथा कार्यविधिहरु

| क्र.सं | कार्यविधिको नाम | पारित मिति | कार्यविधि संख्या | कानुन पारित गरेको वैठक |
|---|---|---|---|---|
| १ | पदाधिकारीहरुको आचार संहिता, २०७४ | २०७४/०३/२९ | १ | |
| २ | वैठक संचालन सम्वन्धि कार्यविधि, २०७४ | २०७४/०३/२९ | २ | |
| ३ | एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि, २०७५ | २०७४/०३/२९ | ३ | |
| ४ | आर्थिक सहायता सम्वन्धि निर्देशिका, २०७५ | २०७५/०१/२१ | ४ | १२ औं कार्यपालिका वैठक |
| ५ | राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५ | २०७५/०१/२१ | ५ | १२ औं कार्यपालिका वैठक |
| ६ | सामुदायिक संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०१/२१ | ६ | १२ औं कार्यपालिका वैठक |
| ७ | सार्वजनिक परिक्षण कार्यविधि, २०७५ | २०७५/०१/२१ | ७ | १२ औं कार्यपालिका वैठक |
| ८ | स्थानीय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०१/२१ | ८ | १२ औं कार्यपालिका वैठक |
| ९ | स्थानीय कानुन निर्माणको परामर्श सेवा शुल्क सम्वन्धि मापदण्ड, २०७५ | २०७५/०१/२१ | ९ | १२ औं कार्यपालिका वैठक |
| १० | वजार अनुगमन निर्देशिका, २०७५ | २०७५/०१/२१ | १० | १२ औं कार्यपालिका वैठक |
| ११ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५ | २०७५/०१/२१ | ११ | १२ औं कार्यपालिका वैठक |
| १२ | कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०१/२१ | १२ | १२ औं कार्यपालिका वैठक |
| १३ | आयोजना व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५ | २०७५/०१/२१ | १३ | १२ औं कार्यपालिका वैठक |
| १४ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि, २०७५ | २०७५/०१/२१ | १४ | १२ औं कार्यपालिका वैठक |
| १५ | पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका, २०७५ | २०७५/०१/२१ | १५ | १२ औं कार्यपालिका वैठक |

## ३) आर्थिक वर्ष २०७४/०७५ को आय –व्ययको अवस्था :

### शसर्त अनुदान तर्फ

| सि.नं | बजेटको श्रोत | प्राप्त वार्षिक बजेट | हाल सम्म खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा उपशाखा | १२७,४११,००० | ८६,३७९,८६५ | ४१,०३१,१३५ | |
| २ | आयुर्वेद उपशाखा | ४,२०५,००० | २,८०९,३३३ | १,३९५,६६८ | |
| ३ | जिल्ला अस्पताल | १५,७३८,००० | १२,२३४,२२३ | ३,५०३,७७७ | |
| ४ | स्वास्थ्य उपशाखा | १५,६०६,००० | १०,५२९,७९४ | ५,०७६,२०६ | |
| | **जम्मा** | **१६२,९६०,०००** | **१११,९५३,२१५** | **५१,००६,७८५** | ६९ प्रतिशत |

## निशर्त अनुदान तर्फ

| सि.नं | बजेटको श्रोत | विनियोजित बजेट | हाल सम्म खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुंजिगत योजनाग बाँडफाँड | २१०,०२४,५०० | ८९,१६३,७१५ | १२०,८६०,७८५ | |
| २ | चालु खर्च तलब भत्ता तथाअन्य | २४,००९,५०० | १८,०९५,०७६ | ५,९१४,४२४ | |
| ३ | जिल्ला अस्पताल औषधि तथा सर्जिकल सरसामान | १,४००,००० | ५००,००० | ९००,००० | |
| ४ | ५ वटा स्वास्थ्य संस्था औषधि तथा सर्जिक सरसामान | ३,५००,००० | ५००,००० | ३,०००,००० | |
| ५ | कृषि उपशाखा (कृषकहरुका मागमा आधारित कार्यक्रम) | १३,५००,००० | ६,४९२,५११ | ७,००७,४८९ | |
| ६ | पशु उपशाखा (कृषकहरुका मागमा आधारित कार्यक्रम) | ६,१३२,००० | ३,०७३,९६८ | ३,०५८,०३२ | |
| | **जम्मा** | २५८,५६६,००० | ११७,८२५,२७० | १४०,७४०,७३० | ४५प्रतिशत |

## आन्तरिक आय तर्फ

| सि.नं | बजेटको श्रोत | हालसम्मको आन्तरिक आय | हाल सम्म खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुंजिगत योजनाग बाँडफाँड | ३,०६६,४९८ | १,८८८,००० | १,१७८,४९८ | |
| | **जम्मा** | ३,०६६,४९८ | १,८८८,००० | १,१७८,४९८ | ६२ प्रतिशत |

## शसर्त अनुदान सामाजिक सुरक्षा तर्फ

| सि.नं | बजेटको श्रोत | विनियोजित बजेट | हाल सम्म खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | जेष्ठ, एकल, अपांग लक्षित वर्ग | ४४,०३६,००० | ३२,९४७,००० | ११,०८९,००० | |
| | **जम्मा** | ४४,०३६,००० | ३२,९४७,००० | ११,०८९,००० | ७४ प्रतिशत |

## शसर्त अनुदान अन्य क्षेत्र

| सि.नं | बजेटको श्रोत | विनियोजित बजेट | हाल सम्म खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुर्गम क्षेत्र विकास | ६,५००,००० | २,४०४,९८१ | ४,०९५,०१९ | |
| २ | साना सिंचाई अनुदान कार्यक्रम | १६,५००,००० | १,१४१,३१० | १५,३५८,६९० | |
| ३ | स्थानीय शासन तथा सहयोग | १,२५२,००० | ८३१,०८२ | ४२०,९१८ | |
| ४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १,५२२,००० | १,३२९,९५० | १९२,०५० | |
| | **जम्मा** | २५,७७४,००० | ५,७०७,३२३ | २०,०६६,६७७ | २२ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| **हाल सम्मको कुल खर्च** | ४९४,४०२,४९८ | २७०,३२०,८०७ | २२४,०८१,६९१ | ५५ प्रतिशत |

## यस भेरी नगरपालिका जाजरकोटका लागि आर्थिक वर्ष २०७५/०७६ का लागि प्राप्त बजेट सिसिङ्ग

| सि.नं | बजेटको श्रोत | प्राप्त बजेट | कैफियत |
|---|---|---|---|
| १ | शसर्त अनुदान तर्फ | २०४४०००० | |
| २ | निशसर्त अनुदान तर्फ | ११४८०००० | |
| | **जम्मा** | **३१९२००००** | |

**४) हालसम्म सँचालनमा रहेका योजनाहरुको अवस्था :**

| सि.नं | क्षेत्र | विनियोजन | छनौट भएका योजना संख्या | सम्झौता भएको संख्या | सम्झौता बाँकी संख्या | सम्पन्न योजनाको संख्या |
|---|---|---|---|---|---|---|
| **निशर्त अनुदान तर्फ** | | | | | | |
| १ | सडक पूर्वाधार तर्फ | ९३,२००,००० | ६८ | ६२ | ६ | २५ |
| २ | खानेपानी तर्फ | ३५,१५०,००० | ७८ | ७६ | २ | ११ |
| ३ | सिंचाई तर्फ | ११,४००,००० | २८ | २८ | | ११ |
| ४ | विद्युत तर्फ | १,०००,००० | १ | १ | | १ |
| ५ | भवन तर्फ | १४,२५०,००० | १० | १० | | १ |
| ६ | तटबन्धन | १७,५२०,००० | २० | २० | | ९ |
| ७ | अन्य आयोजनाहरु | ३७,५०४,५०० | ७५ | ७१ | ४ | १३ |
| | **जम्मा** | **२१०,०२४,५००** | **२८०** | **२६८** | **१२** | **७१** |
| **अन्य श्रोतबाट प्राप्त बजेट अन्तर्गतका आयोजनाहरुको विवरण** | | | | | | |
| १ | दुर्गम क्षेत्र | ६,५००,००० | २ | २ | | ० |
| २ | साना सिंचाई | १६,५००,००० | ७ | ७ | | ० |
| | **जम्मा** | **२३,०००,०००** | **९** | **९** | | **०** |

**५) सामाजिक विकास तथा सुशासन :**

**(क) शिक्षा**

नगरपालिकाको शैक्षिक विकास एवं शैक्षिक गुणस्तरउन्नयनकालागि विद्यालय मर्ज कार्यक्रमको थालनी गरिएको छ ।

**(ख) स्वास्थ्य तथा सरसफाई विकास**

- नगर क्षेत्रभित्रको स्वास्थ्य तथा सरसफाईको विषयलाई गम्भिर रुपमा लिईएको छ । यसको व्यवस्थापनको लागि नगरपालिका क्षेत्रको वडा नं. १ मा रहेको टाट्के सामुदायिक वनको समन्वय र सहयोगमा फोहोर व्यवस्थान (ल्याण्डफिल साईड) निर्माण कार्य शुरु भएको छ  र नगर बजार क्षेत्रको फोहोर संकलन र विर्सजनको लागि व्यवस्थान गर्न फोहोर मलाई नाम बाल्टिनहरु पायक पर्ने स्थानहरुमा राखिएको छ साथै उक्त क्षेत्रमा फोहोर विर्सजन गर्न विशेष गरी नगर क्षेत्रको वडा नं. ३ र ४ को बजार क्षेत्रलाई मध्यनजर गरी नगर सरसफाई प्रवर्द्धक २ (दुई) जना सेवा करारमा लिई नगर बजार क्षेत्रको फोहोर विर्सजन कार्य प्रारम्भ गरिएको छ ।
- नगर क्षेत्र भित्र रहेको १ (एक) जिल्ला अस्पताल र ५ (पाँच) वटा स्वास्थ्य चौकीहरुको भौतिक तथा संस्थागत विकास गर्न आवश्यक पर्ने तालिम, इक्वीभमेन्ट र औषधी व्यवस्थापनका लागि स्वास्थ्य सेवाको केन्द्रिय सशर्त अनुदान वाहेक यस नगरपालिका अनुदान रकमबाट रु ४९ लाख बजेट विनियोजन गरिएको छ ।

**(ग) सहकारी**

- विकासको पछिल्लो ३ (तीन) खम्बे नीति अनुसार सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन तीव्र गतिमा भै रहेको छ ।

**(घ) कृषि विकास**

- कृषि क्षेत्रलाई सम्भाव्यताका आधारमा पकेट क्षेत्रको स्वरुपले विकास, विस्तार र प्रवर्द्धन गर्न यस क्षेत्रमा रु १ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ र पकेट क्षेत्रका प्रस्तावित कार्यक्रमहरु तिव्रगतिले कार्यान्वयन भईरहेका छन् ।

**(ङ) पशुपन्छी विकास**

- पशु पन्छी सेवा तथा विकासका लागि हाललाई यस क्षेत्रमा रु ६१ लाख बजेट विनियोजन गरिएको छ र पशुपन्छी विकास शाखाबाट प्रस्तावित कार्यक्रमहरु तिव्रगतिले कार्यान्वयन भईरहेका छन् ।

**(च) महिला तथा बालबालिका क्षेत्र :**

महिला, बालबालिकाका क्षेत्रको उन्नयनकालागि महिला हिंसा न्युनिकरणकालागि क्षमता विकास गोष्ठी र बालबालिकाको क्षेत्रमा बालअधिकारका विषय एवं बालविबाहा न्युनिकरणकोलागि सामाजिक अभियानलाई व्यापक बनाइएको छ ।

**(छ) सुशासन प्रवर्द्धन तर्फ**

नगरपालिकाको कार्य सम्पादन स्तरलाई व्यवस्थित गर्ने सन्दर्भमा लोक सेवा आयोगको समन्वय र संलग्नतामा १ (एक) जना सहायकस्तर पाँचौ र ३ जना सहायक स्तर चौथो तहमा जनशक्ति स्थायी रुपमा पदपूर्ति भएको छ । नगरपालिकाको आफ्नै स्वामित्वमा रहने गरी ३ (तीन) तले पक्की भवन निर्माण कार्य प्रारम्भ भएको छ । नगरक्षेत्र विकास गतिविधिलाई व्यापक, पारदर्शि एवं शसक्त बनाउन नगर विकास रेडियो गतिविधि कार्यक्रम संचालनमा ल्याईएको छ । सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण, जनलेखापरिक्षण एवं अनुगमन कार्यलाई अनिवार्य व्यापक र शसक्त बनाईएको छ ।

**(६) नगर विकासमा देखिएका चुनौती र संम्भावनाहरु**

**चुनौतीहरु**

- विकासलाई बुझ्ने र हेर्ने दृष्टिकोणलाई कसरी परिवर्तन गर्ने ।
- खानेपानीका मुहनाहरु दिन प्रतिदिन सुक्दै जाँदा खानेपानी उपलब्धतामा चुनौती देखिएको छ ।
- विकासका क्रियाकपालहरुलाई संस्थागत गरी कसरी योजनाबद्ध बनाउने ।
- आवश्यकता र मागलाई कसरी व्यवस्थापन गर्ने ।
- विकासमा जनताको जनअपनत्व कसरी कायम गर्ने ।
- विकासको प्रतिफललाई जनताविच कसरी लैजाने ।
- सम्पन्न योजनाहरुको मर्मत सम्भार कार्यलाई कसरी जनसहभागी मैत्री बनाउने ।
- उपभोक्ता समितिलाई कसरी स्वच्छ, पारदर्शि र जवाफदेही बनाउने ।
- नगर कार्य सम्पादनलाई व्यवस्थित गर्न, जनमैत्री सेवा प्रवाह गर्न आवश्यक जनशक्ति अभाव रहेको छ
- केन्द्रिय र प्रादेशिक कानूनहरु बनि नसक्दा स्थानीय सरकारले निर्माण गर्नु पर्ने कानूनहरु निर्माणमा दुविधा उत्पन्न भएको छ
- विकासका बहुपात्रहरु (सहकारी, गैसस र सरकार) विचको विकास गतिविधीलाई एकीकृत र योजनाबद्ध बनाउन नसकिएको अवस्था छ ।

**सम्भावनाहरु**

- भेरी नदिमा ऱ्याप्टिङ्ग संचालन सम्भावना देखिएको छ ।
- भेरी नदिको किनाराहरुमा सुनखानीको सम्भावना देखिएको छ । (अन्वेषकका अनुसार)
- एक शहर एक पहिचान कार्यक्रम अन्तर्गत यस नगर क्षेत्रको वडा नं. ६ मछाईनामा भ्यूटावर निर्माणको कार्य प्रारम्भ भएको हुँदा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको सम्भावना देखिएको छ ।
- कृषि क्षेत्रको प्रवर्द्धन गर्न कुदुमा आँप, अंगुर र लिचि पकेट क्षेत्र, कालेगाउँ, रिसाङ्ग, भेरे, मटेला, इबर र आलिमा तरकारी खेती पकेट क्षेत्र, बोहरा र पुन्मा केरा पकेट क्षेत्र, होलुखोला, फेरा र साँधीचौरमा धान र गहुँ पकेट क्षेत्र, मैदे र रिसाङ्गमा मौरि पकेट क्षेत्र तिलिंगे, पोखरा र कालाभुरमा मकैको विउ उत्पादन पकेट क्षेत्र, तिमिले पोखरा क्षेत्रमा कागती पकेट क्षेत्र र पुन्मा भुर र खलंगामा अलैची पकेट क्षेत्रको सम्भावना प्रचुर मात्रामा देखिएको छ ।
- यस नगर क्षेत्रको वडा नं. ६ र ८ मा लघुजलविद्युतको सम्भावना देखिएको छ ।
- यस नगर क्षेत्रको वडा नं. १० को भुरचौर आली र वडा नं. १३ को कुदुमा साईडमा इट्टाभट्टा उद्योगका सम्भावना देखिएको छ ।
- नगरपालिकाको वडा नं. २ र ६ को लेकसाईडमा गुराँसको जुस उद्योगको सम्भावना देखिएको छ ।
- वडा नं. ९ को कालाभुरमा कोईलाखानीको सम्भावना देखिएको छ ।

**चन्द्र प्रकास घर्ती**
**नगर प्रमुख**
**भेरी नगरपालिका जाजरकोट**

**मिति २०७५/०२/१९**